# लिखु गाउँपालिका यसम, ओखलढुङ्गा

## कोशी प्रदेश

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- ७ | संख्याः- २ | मितिः- २०८१/०३ /३१ |
|---|---|---|


# भाग-१

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लिखु गाउँपालिकाको विनियोजन ऐन, २०८१ लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## विनियोजन ऐन, २०८१

प्रमाणिकरण मितिः-२०८१/०३/३१

ऐन नं. - ३६

**प्रस्तावनाः** लिखु गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन साथै सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी लिखु गाउँपालिकाको गाउँसभाले सञ्चित कोषबाट रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न यो बिधेयक बनाईएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम लिखु गाउँपालिकाको “विनियोजन ऐन २०८१” रहेको छ।

(२) यो **ऐन २०८१ साल श्रावण १ गते** देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले लिखु गाउँपालिकाको विनियोजन ऐन,२०८१ सम्झनु पर्दछ।

(ख) “कार्यपालिका” भन्नाले लिखु गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) “गाउँपालिका” भन्नाले लिखु गाउँपालिका सम्झनु पर्दछ।

(घ) “सभा” भन्नाले लिखु गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष ०८१/८२ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने:** आर्थिक वर्ष ०८१/८२ को निमित्त कार्यपालिका, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लेखित चालु, र पुँजीगत खर्च रकम समेत गरी जम्मा रकम रु. **३९,२९,९०,१७५।०० (अक्षेरुपी उन्नचालिस करोड उनन्तिस लाख नब्बे हजार एक सय पचहतर मात्र)** नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

४. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०८१/८२ को निमित्त लिखु गाउँ कार्यपालिका र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, विषयतगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने तथा कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले वचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा वढि शीर्षकहरुमा रकम सार्न, निकासा र खर्च गर्न सकिने छ ।

(४) पूँजीगत खर्च अन्य चालु खर्चतर्फ सार्न सकिने छैन तर चालु तथा पूँजीगत खर्च व्यहोर्न एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा सभाको स्वीकृत लिनु पर्नेछ ।

## अनुसूची-१

### दफा (३) संग सम्बन्धित

नेपालको संविधान २०७२ को धारा २२९ (२) वमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम।

| सि.नं. | विषयगत क्षेत्र | विनियोजन | | |
|---|---|---|---|---|
| | | चालु | पूँजीगत | कुल रकम |
| १ | पूर्वाधार विकास | २९९९४१०.०० | ६३१५०५९०.०० | ६६१५००००.०० |
| २ | आर्थिक विकास | ४५००००००.०० | ६०००००.०० | ५१००००००.०० |
| ३ | सामाजिक विकास | २१२५००००.०० | ०.०० | २१२५००००.०० |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | २०३७१७६.०० | ०.०० | २०३७१७६.०० |
| ५ | सुशासन, संस्थागत विकास, प्रशासनिक तथा कार्यालय सञ्चालन | ७१६९९९९९.०० | ०.०० | ७१६९९९९९.०० |
| ६ | सङ्घीय तथा प्रदेश सशर्त | १७५०४३०००.०० | ५१७१००००.०० | २२६७५३०००.०० |
| **जम्मा** | | **२७७५२९५८५.००** | **११५४६०५९०.००** | **३९२९९०१७५.००** |

आज्ञाले,

अर्जुन कुमार राउत

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१/०३/३१